जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ८२ २०८३ साल कात्तिक १० गते मंगलबार (27 Oct 2026 Tuesday) मूल्य रु. ५/-

***Log in : rajbirajdainik.com.np***

## बाल अधिकारको संरक्षण

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

*यस अंक भित्र :* २ पृष्ठमा : कसले सुनिदिने किसानका... ३ पृष्ठमा : मौसम पूर्वानुमान महाशाखाको ... ३ पृष्ठमा सर्बियामा विद्यार्थी ...

# धानगहुँ खरिद बिक्री केन्द्रबाट ३ सय गहुँको बोरा चोरी



**दैनिक समाचारदाता**
**राजविराज, ९ कात्तिक ।**

सप्तरीको बलानविहुल गाउँपालिकास्थित एक धानगहुँ बिक्रि केन्द्रबाट आईतवार मध्यराती रहस्यमय ढंगले ३ सय जति गहुँको बोरा चोरी भएको छ ।

सो पालिका वडा नं. ६ स्थित धर्मराज बाबा धानगहुँ खरिद बिक्री केन्द्रबाट उक्त संख्याको गहुँको बोरा चोरी भएको हो ।

केन्द्रका संचालक गंगाराम महरानले गोदाममा राखिएका ६ सय ३५ बोरा गहुँ मध्ये ३ सय जती बोरा चोरी भएको जानकारी दिए । केन्द्र परिसर भित्र राखिएका ट्याक्टरको ब्याट्रिक समेत चोरले लगेको संचालक महरानले बताए ।

राती घरमा गोसाई पुजा भएकाले साँझै केन्द्र बन्द गरि घर गएको तथा सोमवार विहान ६ बजेतिर आउदा मात्र चोरी भएको थाहा पाएको उनले सुनाए । विहान गोदामको ढोका खोल्न आउँदा पहिले देखी नै ढोका खुलेको र लगाएर गएको ताल्चा पनि फुटाएर नजिकै फालिएको देखेपछी प्रहरीलाई खबर गरे उनले बताए ।

वडाअध्यक्ष सुर्य प्रसाद दासले उक्त घटना चोरी नभइ डकैती भएको सुनाए । उनले गाँउपालिकाबाट सिसीटीभी क्यामरा जडानको नाममा लाखौं रुपैया निकासा गरिएको भएपनि समय मै जडान र दुरुस्त गर्न नसक्दा अपराधी पत्ता लगाउन कठिन भएको बताए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक रुपक खडकाले घटना रहस्यमय र शंकास्पद रहेको भन्दै उक्त घटनाबारे इलाका प्रहरी कार्यालय कडरबोनाले सुक्ष्म अनुसन्धान गरिरहेको जानकारी दिए । उनले केन्द्रका संचालक महरानले सुरुमा गोदामबाट १ सय ५० बोरा गहुँ र गोदाम परिसर मै राखिएको ट्याक्टरबाट १ थान ब्याट्रि समेत चोरी भएको प्रहरीलाई बताएको भएपनि पछि गएर ३ सय जति गहुँको बोरा चोरी भएको जानकारी गराएको सुनाए ।

प्रहरी उपरिक्षक खडकाले प्रति बोरामा ६० केजीका दरले गहुँ रहेको संचालक महरानले जानकारी गराएको र यसबारे थप अनुसन्धान भइरहेको बताए ।

# मधेसमा विकृति बन्दै मृत्यु भोज

सप्तरी, ९ कात्तिक (रासस) ।

मृत्यु भएपछि मृतकका घरमा भोज गर्ने परम्परा विकृत बन्दै गएको छ । मृत्यु भोज मधेसको परम्परा र संस्कृति भएकाले घरमा कसैको मृत्यु भएपछि मान्छे गुमाएको पीडाभन्दा पनि भोजकै चिन्ता, भोज गर्नुपर्ने बाध्यता रहँदै आएको छ ।

घरमा कसैको मृत्यु भएपछि रितिरिवाजअनुसार गर्नुपर्ने क्रियाकर्मको तयारीसँगै मृत्यु भोजको तयारीमा घरमुली जुट्नुपर्ने बाध्यता छ । जात र समुदायअनुसार मृत्यु भएको १३ दिनको अवधिभित्र तीनदेखि पाँच पटक भोज गर्नुपर्ने बाध्यता अहिले पनि यथावत छ । कतिपयले नाम, सान र प्रतिस्पर्धामा ठूलोभन्दा ठूलो भोज गर्दै आएका छन् ।

भोज परम्परा संस्कृति र रितिरिवाज मात्रै नभए हाम्रो संस्कार हो भन्ने बुझाइ अधिकांशमा छ । अन्नदान गर्नु पुण्यको काम हो । यसले आफन्त र परिवारलाई जोड्ने काम गर्छ । तर ऋण लिएर बाध्यताले भोज गर्नु संस्कृतिको नाममा विकृति भएको पूर्वशिक्षामन्त्री रेणु यादवले बताउनुभयो ।

उहाँले भन्नुभयो, "मृत्युमा अनिवार्य भोज गर्नुपर्ने प्रथाको न्यूनीकरण मात्र नभएर अन्त्य गर्नुपर्ने आवश्यकता छ । समाजले जबरजस्त लाधेको परम्परा भएकाले यस प्रथाको न्यूनीकरणका लागि हामी एकजुट भएर लाग्नुपर्ने आवश्यक छ ।

भोज संस्कार र बाध्यताले नभएर स्वेच्छाले हुनुपर्ने जरुरी रहेको उहाँले बताउनुभयो । मधेसमा बढी जनसङ्ख्या रहेको यादव समुदायले २५/५० गाउँको एकै पटक सभा भोज गर्ने चलन छ ।

मृत्यु भोजको नाममा हुने आडम्बरी सभा भोजलाई प्रोत्साहन गर्नु दुःखद रहेको आमसञ्चार प्राधिकरण मधेस प्रदेशका पूर्वअध्यक्ष श्यामसुन्दर यादवले बताउनुभयो । उहाँले भन्नुभयो, "मृत्यु भोजलाई प्रोत्साहन गर्नुभन्दा हतोत्साही गर्नुपर्ने आवश्यकता छ ।"

एउटा भोजमा ५० हजारसम्मको स्वजाति आफन्तले भोज खाने गरेका पाइन्छ । भोजमा हुने खर्चले एक परिवारको १० वर्षभन्दा माथि जीवन चल्न सक्छ । भोजमा गरिने खर्च विपन्नको जीविकोपार्जन र शिक्षामा लगानी गर्न सके सकारात्मक सन्देशसँगै संक्षम र शिक्षित समाज निर्माणमा सहयोग पुग्ने उहाँले बताउनुभयो । राजविराज नगरपालिका-१ कि दुर्गादेवी रजकले सासु बित्दा भोज गर्न सक्दिनभन्दा समाजले भोज गर्नैपर्छ भन्दै कर लगायो ।

त्यसपछि भोज गर्नको लागि तीन लाख ऋण लिनुभर्ने

***बाँकी अन्तिम पृष्ठमा***

## सुरक्षित यात्रा गरौं ।



❖ सवारी साधनको क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
❖ सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
❖ मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
❖ बाढी, पहिरो तथा जोखिमपूर्ण सडकमा सवारी साधन चलाउँदा ध्यान दिऔं ।

**दुर्घटनाबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# मोटर बोट दुर्घटना, तीनको मृत्यु, पाँच बेपत्ता

**दैनिक समाचारदाता**
**काठमाडौं, ९ कात्तिक ।**

धनकुटा, उदयपुर र भोजपुरको सङ्गमस्थल त्रिवेणीस्थित सप्तकोशीमा मोटर बोट दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ ।

भोजपुरबाट बराहक्षेत्रतर्फ आउने क्रममा मोटर बोट आइतबार दुर्घटनामा परेको हो । सो घटनामा तीन जना बेपत्ता भएका छन् । उक्त मोटर बोटमा १६ जना सवार रहेको अनुमान गरिएको छ ।

## सम्पादकीय

### जनताले पाउने सबै अधिकारलाई सुनिशित गर्नेतर्फ ध्यान केन्द्रित गरौ

मधेशका अधिकांश स्थानीय तह राजनीतिको अखाडा बन्दै गएको छ । ती पालिकाहरुमा विगत भन्दा बढी जालझेल बढ्दै गएको छ । सप्तरीमा पनि यस्ता आन्तरिक द्वन्द प्रस्टफुटन भइरहेको छ । यहाँका अधिकांश पालिकाहरुमा यस्ता द्वन्दले सतह नै नाघिसकेको छ । राजविराज नगरपालिका, छिन्नमस्ता गाउँपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, डाक्नेश्वरी नगरपालिका, शम्भुनाथ नगरपालिका लगायत पनि यसको चपेटमा छ । समय समयमा जनप्रतिनिधि र कर्मचारी बीचको किचलोले जनताको आधारभुत सेवादेखी विकासीय कार्य समेत प्रभावित हुने गरेको छ ।

जनप्रतिनिधिहरुको हिसाबले काम गर्ने अधिकृत पालिकामा टिक्न सक्छन होइन् भने उनीहरुले आफ्नो सरुवा नै गर्नुपर्ने बाध्यता रहेको छ । यसरी मुलुकमा संघीय गणतन्त्रको आएको ९ वर्ष बितिसक्दा पनि स्थानीय पालिकाहरुमा अहिले पनि हैकमवादी प्रवृती हावी हुँदै गएको छ । यसले के बुझ्न सकिन्छ भने आफ्नो अनुकुलको निर्णयमा सबै ठीक र अनुकुल विपरीत गएमा द्वन्द र सरुवा हुनुपर्ने अवस्था छ । यति मात्र नभएर केही स्थानीय तहकै कर्मचारीको हेपाहा प्रवृतीले संघीय कर्मचारीहरु चेपुवामा पर्ने गरेका छन् ।

तसर्थ यसका लागि जनतासँग सरोकार राख्ने सबै विषयमा जनप्रतिनिधिहरु गम्भिर भई आन्तरिक सबैखाले द्वन्दलाई निरुपम गरि जनताले पाउने सबै अधिकारलाई सुनिश्चित गर्नेतर्फ ध्यान केन्द्रित गर्नु आवश्यक छ ।

### सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

**कंकालिनी मन्दिर** : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।
**शम्भुनाथ मन्दिर** : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।
**हनुमान मन्दिर** : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।
**कोशी टप्पु** : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।
**धारापानी क्षेत्र** : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।
**लोहजारा दह** : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# कसले सुनिदिने किसानका पीडा ?

**सिङ्गबहादुर थापा**
सर्लाही, ९ कात्तिक (रासस) ।

उन्नत ढङ्गले कृषि कर्म गर्न सकेमा रोजगारीका लागि विदेश जानुभन्दा आफ्नै माटोमा राम्रो आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण बन्नुभएको छ हरिवन नगरपालिका-४, सासापुरका महमद अकबर अन्सारी । वैदेशिक रोजगारीका लागि कतार र साउदी अरेबिया पुग्नु भएको अन्सारी अहिले आफ्नै गाउँमा व्यावसायिक गोलभैँडा खेती गरिरहनु भएको छ ।

पछिल्लो आठ वर्षदेखि व्यावसायिक रूपमा गोलभैँडा खेती गर्दै आउनु भएको उहाँले प्रशस्त आम्दानी पनि गरिरहनु भएको छ । उहाँले यस वर्ष पनि सात बिघा क्षेत्रफलमा गोलभैँडा लगाउनुभएको छ । अन्सारीको अनुभव केवल निर्वाहमुखी खेतीको कथा होइन । व्यावसायिक खेतीबाट मनग्य आम्दानी गरेको उहाँको दाबी छ ।

उहाँका अनुसार गते वर्ष १० बिघामा गोलभैँडा खेती गरेर रु ७५ लाखभन्दा बढीको उत्पादन लिनुभयो । त्यसबाट आफूले रु ५० लाखभन्दा बढी मुनाफा आर्जन गरी घरखर्चका साथै घरको तल्ला थप्नेदेखि र जग्गा जोड्न सफल भएको बताउनुभयो । अन्सारीको कथा एउटा महत्वपूर्ण प्रश्नको उत्तर पनि हो । यदि कृषि ज्ञान, बजार, प्रविधि, लगानी र व्यवस्थापनको उचित व्यवस्थापन भयो भने नेपालमै कृषिबाट सम्मानजनक आम्दानी गर्न सक्छन् ।

अर्का किसान बागमती नगरपालिका-११, का नीलकण्ठ देवकोटाले २५ बिगाहा क्षेत्रमा व्यावसायिक उखु खेती गर्नुभएको छ । उहाँले आफूसँग भएको बाहेक झण्डै २० बिगाहा बढी खेत भाडामा लिएर खेती गरिरहनु भएको छ । प्रविधिको प्रयोगबाट सहज रूपमा खेतीपाती गर्न सकिएको उहाँको भनाइ छ । त्यसबाट मनग्य आम्दानी पनि भइरहेको बताउनुभयो तर समयमा रासायनिक मलखाद र बीउबिजनको अभाव हुने गरेको उहाँको अनुभव छ ।

सर्लाहीमा भइरहेको कृषि कर्म र त्यसका अनुभवले नेपालको कृषि समस्यालाई चित्रित गरेको छ । एकातिर हरिवनका अन्सारी तथा बागमतीका देवकोटाको जस्तै सफलता कमै किसानहरूले पाएका छन् । बरहथवा नगरपालिका-५, हात्तीडण्डाका किसान मुकेश महतो अत्यधिक वर्षा र सस्तो बजार मूल्यका कारण हरियो तरकारी खेतीमा लागत समेत उठाउन मुस्किल परेको गुनासो गर्नुहुन्छ । हरियो तरकारी सञ्चिती गरेर राख्न नसकिने भएकाले मूल्य घटेको समयमा पनि लगानी पनि नउठ्ने मूल्यमा बेच्नुपरेको उहाँको भनाइ छ ।

बीउ, मल, विषादी, सिँचाइ, मजदुर, ढुवानी र अन्य खर्चको तुलनामा उत्पादित तरकारीको मूल्य नपाउँदा किसान मर्कामा परेको उहाँको दुःखेसो छ । कहिले तरकारीको मूल्य आकासिँदा उपभोक्ता महँगीको मारमा पर्ने गरेका छन् भने कहिले मूल्य घटेर किसानले उत्पादन गरेको तरकारी खेतबाट टिपेर बजारसम्म पुर्‍याउन समेत ऋण खोज्नुपर्ने बाध्यता छ ।

लालबन्दीको थोक तरकारी बजार क्षेत्र हरेक दिन-बिहान झिसमिसेदेखि नै किसान र व्यापारीले भरिभराउ देखिन्छ । यहाँबाट दैनिक करोडौँको तरकारी विभिन्न सहरका लागि रमाना हुन्छन् । विवरणअनुसार किसानले गोलभैँडा, बोडी, सिमी, फूलकोबी, बन्दा, लौका, भन्टा, करेला, काँक्रो, खोर्सानीलगायत विभिन्न तरकारी बिक्री गर्दै आएका छन् ।

लालबन्दी, हरिवन, बागमती, ईश्वरपुर, बरहथवा र चन्द्रनगरलगायत क्षेत्रका किसानका लागि तरकारी खेती आम्दानीको महत्वपूर्ण स्रोत बनेको छ । किसानले उत्पादन गरेको लगानीलाई सुनिश्चित गर्दै स्वचालित मूल्य प्रणाली लागू गरिए किसानको उत्पादनले राम्रो मूल्य पाउने किसानहरूको भनाइ छ । छिमेकी देश भारतबाट खुला सीमा हुँदै नेपाल भित्रने फलफूल र तरकारीका कारण स्थानीय उत्पादन सधैँ चपेटामा पर्ने गरेको हरिवन नगरपालिका-४, का किसान मुखचन्द्र महतोले बताउनुहुन्छ । किसानले उत्पादन गरेको सामाग्रीले लागतमा भन्दा विचौलियाको तजबिजमा मूल्य पाउनु दुर्भाग्य पूर्ण रहेको उहाँको गुनासो छ ।

किसानले सबैभन्दा ठूलो जोखिम लिएर कृषि उत्पादन गरे पनि बजारमा मूल्य निर्धारण गर्ने शक्ति उसको हातमा हुँदैन । किसानले वर्ष दिन लगाएर उत्पादन गर्छन् तर, त्यसको लागतलाई आधार मानेर मूल्य निर्धारण हुँदैन । सधैँ सस्तोमा उखु बेचेर महङ्गोमा चिनी किनेर उपभोग किसानले गर्नुपर्छ । हरेक वर्ष खेतीको लागत बढिरहेको छ । मलखाद सरकारले दिँदैन, कालोबजारीसँग महङ्गोमा किन्नुपर्छ । त्यसमा वर्षौं उधारोमा बेच्नुपर्दा ठूलो नोक्सानी ब्यहोर्नु परेको यहाँका किसानको अनुभवले देखाउँछ ।

कृषि सुधारको अर्थ उत्पादन वृद्धि मात्र नभई किसानको आम्दानी स्थिर बनाउनु पनि हो । यसका लागि कृषि उपज उत्पादनसँगै चिस्यान भण्डारण, प्रशोधन, बजार सूचना, बीमा, सहकारी र मूल्य नीति विकास पनि गर्नुपर्छ । खाद्य सुरक्षा भनेको गोदाममा अन्न भण्डारण हुनुलाई मात्र मान्न सकिन्न । अन्न उत्पादन गर्ने किसान, उत्पादन गर्ने जमिन र उत्पादनलाई बजारसम्म पुर्‍याउने प्रणाली सुरक्षित भएमात्र खाद्य सुरक्षा सुरक्षित रहन्छ ।

पछिल्लो समय खेतीलाई कम प्रतिष्ठाको पेशा बनाएका कारण पनि किसानहरू विस्थापित बन्दै गएका छन् । कृषिबाट हुने आम्दानी अनिश्चित भएका कारण यस पेशा कम प्रतिष्ठाको विषय बनेको छ । फसलको उत्पादन लागत धेरै र मुनाफा कम हुँदा यस्तो भएको हुनसक्छ । मल, बीउ र सिँचाइ जस्ता आधारभूत आवश्यक र प्राविधिक साधनको उपलब्धता र मूल्यमा किसानले झेल्नु परेको समस्या पनि महत्वपूर्ण कारण बनेको छ । बजारको अस्थिर मूल्यका कारण ब्यहोर्नु परेको घाटा, कृषि भूमि खण्डीकरण भइरहेको कारण समेत यो पेशाप्रतिको दृष्टिकोण परिवर्तन हुँदै गएको हो ।

युवा पुस्ताले कृषिलाई आधुनिक व्यवसायका रूपमा भन्दा परम्परागत श्रमका रूपमा बढी बुझेका कारण कृषिमा उनीहरूको वितृष्णा बढ्दै गएको स्पष्ट छ । ‘उत्तम खेती, माध्यम ब्यापार र निकृष्ट जागिर’ यो नेपाली समाजमा केही दशक पहिलासम्म निकै चर्चित कथन थियो तर, अहिले यो कथन व्यवहारतः विलुप्त जस्तै भइसकेको छ । पुर्ख्यौली पेशा छाडेर विदेशी भूमिमा सोही पेशाको लागि किन प्रोत्साहित गरियो ? आफ्नो देशमा यही पेशा निकृष्ट अनि कृषि क्षेत्रमा काम गर्न कोरिया, जापान, इजरायल जान किन तयार छन् युवा ? विदेशमा पुगेर आफ्ना सन्तानले खेतीपाती गरेको पशु खोरमा काम गरेको देख्दा यहाँ आमाबुबालाई किन कुनै पछुतो छैन् ? भन्ने प्रश्न अहिले पेचिलो बनेको छ । फरक यति हो, यहाँ हलो जोत्नु पर्ला भनेको सन्तानले विदेशमा ट्र्याक्टरले जोत्यो । प्रविधिसँग जोडियो । यहाँ पनि अब विस्तारै कृषि, पशुपालनमा प्रविधिको विकास हुन थालेसँगै युवा विदेश पलायनलाई रोक्न ठोस प्रयासको खाँचो भएको छ ।

सामाजिक धारणा, कृषि क्षेत्रमा लगानी, अनुसन्धान, प्रविधि र बजार व्यवस्थापनबीच पर्याप्त समन्वय हुन नसकेका कारण कृषिप्रतिको दृष्टिकोण ओझेलमा परेको विज्ञहरूको धारणा छ । नेपाली समाजको जीवनशैली, संस्कृति र अर्थतन्त्रको आधारमा कृषि जोडिएको छ तर कृषिप्रधान भनिएको यही देशमा खेतीपाती कम्जोर र दुर्जनले गर्ने पेशाका रूपमा चित्रण हुँदै गयो । कृषि पेशा पुस्तान्तरण गर्न नखोज्दा र परम्परागतबाट व्यावसायिकतातर्फ लैजान नसक्दा कृषि क्षेत्र उपेक्षामा पर्दै गएको जानकारहरू बताउँछन् ।


## बाढी/पहिरो तथा चट्याङको समयमा सतर्क रहौं

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।
- बिजुली चम्केको बेला सतर्क रहने ।
- बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
- सकभर अग्लो स्थानमा बस्ने ।
- धातुको ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**जनहीतका लागि : रुपनी गाउँपालिका, सप्तरी**

# मौसम पूर्वानुमान महाशाखाको अनुरोधः भारी वर्षा हुने सम्भावना भएकाले सचेत रहनुस्

काठमाडौं, ९ कात्तिक (रासस)।

नेपाल मौसम विज्ञान विभागले बङ्गालको खाडीमा विकसित चक्रवात 'अर्णव'को प्रभावले आगामी विहिबारदेखि सुरू भई विशेषगरी शुक्रबार र शनिबार नेपालका विभिन्न स्थानमा वर्षाको गतिविधि बढ्नुका साथै हिमपात हुने सम्भावना रहेको रहेको जनाएको छ।

विभागले सोमबार बिषेश बुलेटिन जारी गर्दै केही स्थानमा भारी वर्षाको पनि सम्भावना रहेकाले उच्च सतर्कता अपनाउन अनुरोध गरेको छ।

विभागको अनुसार बङ्गालको खाडीमा रहेको उक्त चक्रवात क्रमशः शक्तिशाली बन्दै उत्तरपश्चिम दिशातर्फ अघि बढ्ने र भारतको आन्ध्र प्रदेश तथा विशाखापट्टनमको बीचमा पर्ने यानम नजिक तटीय क्षेत्रमा प्रवेश गर्ने सम्भावना रहेको छ। यसको प्रभावले नेपालमा मौसम बदली भई वर्षा र हिमपात हुनसक्ने विभागले जनाएको छ।

बुलेटिनअनुसार कात्तिक १२ गते बिहीबारदेखि मौसममा परिवर्तन सुरु हुने र विशेषगरी शुक्रबार तथा शनिबार कोशी, बागमती, मधेस, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न क्षेत्रमा वर्षाको सम्भावना छ।

कात्तिक १३ गते शुक्रबारदेखि १४ गते शनिबारसम्म कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका धेरै स्थानमा मेघगर्जन, चट्याङ तथा हावाहुरीसहित मध्यम वर्षा हुने सम्भावना रहेको छ। केही स्थानमा भारी वर्षा हुनसक्न विभाग अन्तर्गत मौसम पूर्वानुमान माहाशाखाले जनाएको छ। लुम्बिनी प्रदेशका केही स्थानमा पनि मध्यमदेखि भारी वर्षा हुनसक्ने पूर्वानुमान गरिएको छ।

यसैगरी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा मेघगर्जन, चट्याङ तथा हावाहुरीसहित मध्यम वर्षा र एक–दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ। देशका उच्च पहाडी तथा हिमाली भू–भागमा भारी हिमपात, हिमआँधी तथा हिमपहिरोको जोखिम रहेको महाशाखाले जनाएको छ।

सम्भावित वर्षाका कारण धानबाली भित्र्याउनेकार्य प्रभावित हुनसक्ने भएकाले किसानलाई आवश्यक सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ। उच्च पहाडी तथा हिमाली क्षेत्रमा भ्रमण गर्ने पर्यटकलाई मौसमको अवस्था बुझेर मात्र यात्रा गर्न तथा प्रतिकूल मौसमका बेला सुरक्षित स्थानमा रहन आग्रह गरिएको छ।

वर्षा र हिमपातका कारण चिसो बढ्नुका साथै बाढी, पहिरो, सडक अवरोध तथा हवाई यातायात प्रभावित हुनसक्ने भएकाले सर्वसाधारण र सम्बन्धित निकायलाई पूर्वतयारी गर्न महाशाखाले अनुरोध गरेको छ।

# जुवा खेलिरहेको अवस्थामा चार लाख नगदसहित आठ पक्राउ

**दैनिक समाचारदाता**
**सुनसरी, ९ कात्तिक।**

सुनसरीको इटहरीबाट प्रहरीले जुवातास खेलिरहेको अवस्थामा चार लाख ५६ हजार नगदसहित आठ जनालाई पक्राउ गरेको छ।

इटहरी उपमहानगरपालिका ४ शान्तिचोकस्थित द इस्टन होटलमा आइतबार साँझ जुवातास खेलिरहेको अवस्थामा प्रहरी टोलीले विशेष सूचनाका आधारमा उनीलाई पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय सुनसरीका सूचना अधिकारी चन्द्रबहादुर खड्काका अनुसार पक्राउ पर्नेमा स्थानीय मोहन घिमिरे, मनोज राई र ईश्वर कार्की, टिकाराम गेलाल र जीवन अधिकारी, युवराज मगर, दुर्गाप्रसाद थापा र खगेन्द्र लिम्बू छन्।

प्रहरीले उनीहरूका साथबाट नगदसहित जुवाखालमा प्रयोग भइरहेको सात बुङ तासससमेत बरामद गरेको छ। पक्राउ परेका आठै जनामाथि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# ग्यास बिक्री गर्दा अनिवार्य भ्याट बिल जारी गर्न आयल निगमको निर्देशन

काठमाडौं, ९ कात्तिक (रासस)।

नेपाल आयल निगमले एलपी ग्यास बिक्री गर्दा अनिवार्य रूपमा भ्याट बिल जारी गर्ने व्यवस्था मिलाउन सबै ग्यास उद्योगलाई निर्देशन दिएको छ।

निगमको एलपी ग्यास तथा एभिएसन विभागले सोमबार सबै ग्यास उद्योगलाई पत्राचार गर्दै ग्यास बिक्रीपछि बिलबिजक जारी नगरेको भन्ने गुनासो आएकाले अनिवार्य रूपमा भ्याट बिल जारी गर्ने व्यवस्था मिलाउन अनुरोध गरेको हो।

निगमका निर्देशक इञ्जिनियर विनितमणि उपाध्यायद्वारा हस्ताक्षरित पत्रमा यसअघि पनि मिति २०८१ साउन ३० र २०८१ माघ १० गते सम्बन्धित सङ्लाई पत्राचार गरिएको स्मरण गराइएको छ। पत्रमा ग्यास उद्योगबाट नियुक्त बिक्रेताले ग्यास बिक्री गरेपछि अनिवार्य रूपमा भ्याट बिल जारी गरी बिक्री वितरणको व्यवस्था मिलाउन भनिएको छ।

# जाडोमा रुघाखोकी र सङ्क्रमणबाट बच्न रोगप्रतिरोधात्मक क्षमता बढाउने पेय पदार्थ

रोगप्रतिरोधात्मक क्षमता (इम्युनिटी) भन्नाले शरीरले रोगहरूसँग कति समयसम्म लड्न सक्छ भन्ने बुझाउँछ।

यदि तपाईं बारम्बार बिरामी पर्नुहुन्छ वा बिरामी भएपछि चाँडै निको हुनुहुन्न भने त्यो शरीरको इम्युनिटी कमजोर भएको सङ्केत हो।

जाडो मौसम धेरैजसोलाई मन पर्ने भए पनि यो समयमा मानिसहरू बढी बिरामी पर्छन्। यसको प्रत्यक्ष कारण चिसो वा सिरेटो मात्र नभई यो मौसमले तयार पार्ने वातावरण हो, जसमा भाइरस र ब्याक्टेरिया तीव्र गतिमा फैलिन्छन्।

यस्तो अवस्थामा यदि इम्युनिटी कमजोर छ भने जाडोमा रुघाखोकीले बढी सताउन सक्छ। सन्तुलित खानपान नहुने व्यक्तिहरूमा यो समस्या धेरै देखिन्छ। जाडोका कारण निम्तिने यस्ता स्वास्थ्य समस्याविरुद्ध लड्न शरीरलाई सक्षम बनाउने केही घरेलु पेय पदार्थहरू यहाँ प्रस्तुत गरिएको छः

**अदुवाको चिया**

जाडो मौसममा अदुवाको चिया निकै लोकप्रिय पेय हो। यसको तातोपन र सुगन्धले चिसो दिनहरूमा आरामदायी महसुस गराउँछ। अदुवामा 'जिन्जरल' नामक तत्व पाइन्छ, जसले शरीरमा हुने इन्फ्लेमेसन कम गर्न मद्दत गर्छ। यो बनाउन एक कप पानीमा अदुवाको केही टुक्रा हालेर करिब ५ मिनेट उमाल्नुपर्छ। त्यसपछि छानेर कागतीको रस वा थोरै मह मिलाई तात्तातो स्वाद लिन सकिन्छ।

**बेसार र दुध**

घरपरिवारमा बेसार र दुध लामो समयदेखि प्रयोग गरिँदै आएको परम्परागत पेय हो। बेसारमा 'कर्क्युमिन' नामक तत्व हुन्छ, जसमा एन्टिअक्सिडेन्ट गुण पाइन्छ। दुधबाट प्रोटिन, क्याल्सियम र भिटामिन बी१२ जस्ता पोषक तत्वहरू प्राप्त हुन्छन्। यसले शरीरलाई न्यानो राख्नुका साथै सङ्क्रमण रोकथाममा सहयोग पुऱ्याउँछ। यो बनाउन एक कप दुध तताएर त्यसमा एक चौथाइ चम्चा बेसार मिसाउनुपर्छ। यसलाई केही मिनेट मन्द आगोमा पकाएपछि स्वादका लागि एक चिम्टी दालचिनी वा मरिचको धुलो हाल्न सकिन्छ। मनतातो छँदै यसको सेवन गर्नु उपयुक्त हुन्छ।

**अमलाको जुस**

अमला भिटामिन 'सी' को उत्कृष्ट स्रोत हो। यसले रोगप्रतिरोधात्मक प्रणालीको कार्यसम्पादनमा मद्दत पुऱ्याउनुका साथै शरीरमा आइरन सोस्ने प्रक्रियालाई समेत प्रभावकारी बनाउँछ। यो बनाउन एक वा दुईवटा अमला धोएर टुक्रा पारी भित्रको दाना निकाल्नुपर्छ। त्यसपछि पानीसँग मिसाएर ब्लेन्ड गर्ने र चाहेमा छानेर थप पानी मिसाउन सकिन्छ। स्वादमा मिठास ल्याउन हल्का मह मिलाएर यसको सेवन गर्न सकिन्छ।

**कागती र मह–पानी**

बिहान मनतातो कागती पानी पिउनु शरीरलाई 'हाइड्रेट' राख्ने सरल उपाय हो। कागतीबाट भिटामिन 'सी' प्राप्त हुन्छ भने महले पेयमा मिठास थप्छ। एक वर्षभन्दा माथिका मानिसहरूमा महले खोकीबाट केही राहत पाउन मद्दत गर्छ। यो बनाउन एक गिलास मनतातो पानीमा कागतीको रस र आवश्यकता अनुसार एक चम्चा मह घोलेर सेवन गर्नुपर्छ।

**दालचिनीको हर्बल चिया**

दालचिनीको चिया आफ्नो मीठो सुगन्ध र हल्का गुलियो स्वादका लागि रुचाइन्छ। यसमा पाइने वनस्पतिजन्य तत्वहरूमा एन्टिअक्सिडेन्ट गुण हुन्छ। यो बनाउन एक कप पानीमा दालचिनीको सानो टुक्रा हालेर ५ देखि १० मिनेट उमाल्नुपर्छ। त्यसपछि छानेर पिउन सकिन्छ। स्वाद बढाउन कागती वा अदुवा पनि थप्न सकिन्छ।

अस्वीकरण : यस सामग्रीमा दिइएको औषधि तथा स्वास्थ्यसम्बन्धी जानकारी विज्ञहरूसँग गरिएको कुराकानीमा आधारित सामान्य विवरण मात्र हो, व्यक्तिगत चिकित्सकीय सल्लाह होइन। तसर्थ, कुनै पनि घरेलु उपाय प्रयोग गर्नुअघि चिकित्सकको परामर्श लिनु आवश्यक हुन्छ। एजेन्सी

## विश्व समाचार

### सर्बियामा विद्यार्थी आन्दोलनको विजय

बेलग्रेड, ९ कात्तिक (रासस/एएफपी)।

सर्बियामा भ्रष्टाचारविरोधी विद्यार्थी आन्दोलनले संसदीय निर्वाचनमा विजयको घोषणा गरेको छ। यससँगै राष्ट्रपति अलेक्जान्डर भुसिकको दलको १४ वर्ष लामो शासन अन्त्य हुने भएको छ।

सन् २०२४ मा नोभी साद रेलवे स्टेसनको छत भत्किँदा १६ जनाको मृत्यु भएपछि सुरु भएको प्रदर्शनले देशव्यापी रूप लिएको थियो। विद्यार्थीहरूले दुर्घटनाको पारदर्शी अनुसन्धान र भ्रष्टाचार नियन्त्रणको माग गर्दै करिब दुई वर्ष अभियान चलाएका थिए।

विद्यार्थी सूचीका उम्मेदवार राडोमिर साइसिकले प्रारम्भिक नतिजाले आफूहरू अधिकांश मतदान केन्द्रमा अगाडि रहेको देखाएको बताउनुभयो। उहाँले विजयलाई न्याय, स्वतन्त्रता र मर्यादित सर्बियाको आशासँग जोड्नुभयो।

निर्वाचनमा करिब ६५ प्रतिशत मतदाताले मतदान गरेका थिए, जुन सन् १९९३ यताकै उच्च सहभागिता भएको जनाइएको छ। मतदान सकिएको दुई घण्टाभन्दा कम समयमै भुसिकले पराजय स्वीकार गर्नुभएको थियो। राजधानी बेलग्रेडमा हजारौं समर्थकले सडकमा भेला भएर विजय उत्सव मनाएका थिए।

प्रारम्भिक तथ्याङ्कअनुसार विद्यार्थी आन्दोलनले २५० सदस्यीय संसद्मा १३५ देखि १४० सिट जित्न सक्ने भुसिकले बताउनुभएको थियो। उहाँले परिणामका लागि विभिन्न युरोपेली देश र अमेरिकाको 'डिप स्टेट' को समर्थन रहेको आरोप लगाउनुभयो।

विद्यार्थीहरूले देशभर ऱ्याली र पदयात्रा गर्दै मतदातासँग प्रत्यक्ष सम्पर्क बढाएका थिए। बिहीबार बेलग्रेडमा भएको अन्तिम चुनावी ऱ्यालीमा करिब एक लाख ५० हजार मानिस सहभागी भएको स्वतन्त्र अनुगमनकर्ताले जनाएका थिए।

युरोपेली आयोगकी प्रमुख उर्सुला भोन डेर लेयन र हङ्गेरीका प्रधानमन्त्री पिटर मग्यारले विद्यार्थी आन्दोलनबाट निर्वाचनमा उठेका उम्मेदवारहरूलाई बधाई दिनुभएको छ। भोन डेर लेयनले कानूनी शासन, सञ्चारमाध्यमको स्वतन्त्रता र भ्रष्टाचार नियन्त्रणमा सहयोग गर्ने बताउनुभयो।

विद्यार्थी सूचीका अधिकांश उम्मेदवार शिक्षाविद्, कलाकार र विभिन्न क्षेत्रका विशेषज्ञ हुन्। तीमध्ये धेरैसँग राजनीतिक अनुभव कम छ। नोभी साद दुर्घटनाको पारदर्शी अनुसन्धानको मागबाट सुरु भएको आन्दोलन पछि निर्वाचनको मागमा केन्द्रित भएको थियो।

आन्दोलनको दबाब बढेपछि भुसिकले गत महिना आकस्मिक निर्वाचन घोषणा गर्नुभएको थियो। उहाँले प्रधानमन्त्री बन्न राष्ट्रपति पदबाट राजीनामा दिनुभएको थियो। निर्वाचनको अनुगमन स्वदेशी तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकले गरेका थिए भने विद्यार्थीहरूले पनि मतदान प्रक्रियाको निगरानी गर्न ठूलो सङ्ख्यामा स्वयंसेवक परिचालन गरेका थिए।

### इरान आक्रमणलाई लिएर नेतान्याहु र सेनाप्रमुखबीच मतभेद

जेरुसेलम, ९ कात्तिक (रासस/एएनआई)।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहु र इजरायली रक्षा बल (आइडिएफ) का प्रमुख जनरल इयाल जमीरबीच इरानमाथि सम्भावित सैन्य कारबाहीलाई लिएर मतभेद भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्। च्यानल १२ का अनुसार जमीरले सैन्य कारबाही अघि बढाउनुअघि थप छलफल गर्नुपर्ने र त्यसको कानूनी अधिकार स्पष्ट हुनुपर्ने माग गर्नुभएको छ। यद्यपि, विवादित निर्देशनको विस्तृत विवरण सार्वजनिक गरिएको छैन।

मङ्गलबार हुने निर्वाचनअघि सार्वजनिक भएको यो खबरले इजरायलको राजनीतिक नेतृत्व र सेनाबीचको सम्बन्धबारे प्रश्न उठाएको छ। नेतान्याहुले आरोपलाई 'मूर्खतापूर्ण' भन्नुभएको छ। यसअघि उहाँले इरानको शासन अपदस्थ गर्न आइडिएफ र मोसादलाई निर्देशन दिएको बताउनुभएको थियो।

यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार नेतान्याहुलाई समर्थन गर्दै इजरायली जनतालाई उहाँकै पक्षमा मतदान गर्न आग्रह गर्नुभएको छ। ट्रम्पले इरानको सैन्य क्षमता र अर्थतन्त्र कमजोर भएको दाबी गर्दै आफूहरूले सुरु गरेको काम पूरा गर्न नेतान्याहुलाई पुनः प्रधानमन्त्री बनाउनुपर्ने बताउनुभएको छ।

निर्वाचनको दुई दिनअघि नेतान्याहुले तेल अभिवमा आणविक विस्फोट भएको देखाउने कृत्रिम बौद्धिकता (एआई) बाट तयार तस्बिर सार्वजनिक गर्दै आफूलाई मतदान नगरे इजरायलीहरू 'दोस्रो होलोकास्ट' को जोखिममा पर्न सक्ने चेतावनी दिनुभएको थियो। उहाँले इरानले आणविक हतियार प्राप्त गरे इजरायलको अस्तित्वमै खतरा उत्पन्न हुने दाबी गर्नुभएको छ।

निर्वाचनपूर्वका अन्तिम सर्वेक्षणले वर्तमान सत्तारूढ गठबन्धन वा विपक्षी समूह कुनैले पनि सरकार गठन गर्न आवश्यक समर्थन जुटाउन नसक्ने देखाएका छन्। यसले निर्वाचनपछि पनि इजरायलमा राजनीतिक गतिरोध कायम रहने सम्भावना बढाएको छ।

# आगामी ५ दिनको मौसम पूर्वानुमान : पश्चिमी वायुको प्रभावले वर्षा

काठमाडौँ, ९ कात्तिक (रासस)।

नेपाल मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले आगामी पाँच दिनको मौसमी अवस्थाको पूर्वानुमान गरेको छ।

विभागका मौसमविद् रोजन लामिछानेका अनुसार हाल देशमा पश्चिमी वायुको आंशिक प्रभाव रहेकाले सोमबारदेखि नै आंशिक बदली हुने तथा बुधबारदेखि वर्षा र हिमपातको सम्भावना छ।

"आगामी शुक्रबारसम्म देशका विभिन्न भूभागमा मौसममा बदली हुने तथा वर्षा र हिमपातको पनि सम्भावना छ, सोमबार हिमाली भूभागमा आंशिक बदली रहने र बाँकी क्षेत्रमा मौसम मुख्यतया सफा रहने छ," उहाँले भन्नुभयो, "सोमबार राति कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका हिमाली तथा पहाडी भूभागमा आंशिक बदली रहनेछ भने अन्य भूभागमा मौसम मुख्यतया सफा रहने पूर्वानुमान छ।"

महाशाखाका अनुसार मङ्गलबार कोशी, मधेस, बागमती र गण्डकीका साथै कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भूभागमा आंशिक बदली रहनेछ। सो अवधिमा कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली भूभागका एक-दुई स्थानमा हल्का वर्षा तथा हिमपातको सम्भावना छ।

बुधबारदेखि शुक्रबारसम्म पनि देशका हिमाली तथा पहाडी भूभागमा बदली रहने र केही स्थानमा वर्षा तथा हिमपात हुनसक्ने महाशाखाले जनाएको छ।

बुधबार कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका हिमाली तथा पहाडी भूभागका केही स्थानमा हल्का वर्षा तथा हिमपातको सम्भावना छ। बिहीबार र शुक्रबार पनि विभिन्न प्रदेशका हिमाली तथा पहाडी भूभागमा वर्षा तथा हिमपात हुनसक्ने पूर्वानुमान गरिएको छ।

महाशाखाले मौसमसम्बन्धी पूर्वानुमानलाई ध्यानमा राख्दै आवश्यक सतर्कता अपनाउन पनि आग्रह गरेको छ। वर्षा तथा हिमपातका कारण दैनिक जनजीवन, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा असर पर्न सक्ने भएकाले सम्बन्धित सबैलाई मौसमको अद्यावधिक सूचना लिएर आवश्यक तयारी गर्न महाशाखाले अनुरोध गरेको छ।

# हुंकार मधेशले तोक्यो २५ जिल्लाको सम्पर्क व्यक्ति

**दैनिक समाचारदाता राजविराज, ९ कात्तिक।**

हुंकार मधेशको केन्द्रीय सचिवालयको सोमबार बसेको बैठकले थरुहट मधेशको २२ जिल्ला र उपत्यकाको तीन जिल्ला गरि २५ जिल्लाको "सम्पर्क व्यक्ति" तोकेको छ।

जसअन्तरगत झापामा हिरा महतो (विकास), मोरङमा हिरालाल मण्डल, सुनसरीमा राम नारायण मेहता, उदयपुरमा प्रकाश काफ्ले, सप्तरीमा शैशव राजु, सिरहामा सरोज यादव, धनुषामा श्याम चौधरी, महोत्तरीमा राज कुमार महतो, सर्लाहीमा ब्रजेन्द्र शर्मा, रौतहटमा राहुल झा, बारामा डा. आर. के. कश्यप, पर्सामा अनिरुद्ध प्रसाद सिंह, मकवानपुरमा सरोज धानुक, चितवनमा हेमन्त कुमार, नवलपरासीमा ईश्वर चौधरी, रुपन्देहीमा राम रक्षा मौर्यलाई जिल्ला सम्पर्क व्यक्ति तोकिएको छ।

यस्तै कपिलवस्तुमा दिपेन्द्र कुमार सिंह, दाङमा भगवान चिराग, बाँकेमा खुश्बु श्रीवास्तव, बर्दियामा आदर्श शुक्ला, कैलालीमा वीर बहादुर बडायक, कंचनपुरमा दयाराम चौधरी, काठमाडौंमा विमलेश मानव, ललितपुरमा प्रकृति दुलाल र भक्तपुरमा बाल कृष्ण अवतारलाई तोकिएको छ।

गत असोज ९ गते घोषणा भएको हुंकार मधेशले यस अघि केन्द्रमा सहजकर्ता, प्रवक्ता र २१ जना विभागीय प्रमुखहरु घोषणा गरिसकेको छ।

मंसिर पहिलो सातादेखि शुरु हुने "हुंकार हुलाकी यात्रा" को निम्ति विभिन्न जिल्लाहरुमा अभियानको तैयारी बैठकहरु चलिरहेको जनाइएको छ।

# करिब २१ लाख बालबालिकालाई भिटामिन 'ए' खुवाइने

काठमाडौँ, ९ कात्तिक (रासस)।

यही कात्तिक १७ र १८ गते सबै क्षेत्रका गरी २१ लाख बालबालिकालाई भिटामिन 'ए' खुवाउने तयारी भइरहेको छ।

सरकारले आर्थिक वर्ष २०८३/०८४ को नियमित रूपमा पहिलो चरणमा कात्तिक २ र ३ गते खुवाउँदै आएको भिटामिन 'ए' कार्यक्रम दसैँ परेकोले कात्तिकको १७ र १८ गते खुवाउन तयारी थालिएको हो।

स्वास्थ्य सेवा विभागका पोषण शाखा प्रमुख लिलाविक्रम थापाले भिटामिन 'ए' क्याप्सुल छ महिनादेखि ५९ महिनाका बालबालिका तथा जुकाको औषधि एक वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई खुवाइने जानकारी दिनुभयो।

भिटामिन 'ए' करिब २१ लाख बालबालिका र जुकाको औषधि करिब २० लाख बालबालिकालाई खुवाइने भएको छ। भिटामिन 'ए' सबै प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रमा पठाइसकेको छ।

सरकारले बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि २०५० सालदेखि भिटामिन 'ए' क्याप्सुल र २०५६ सालदेखि जुकाको औषधि नियमित खुवाउन थालेको हो।

राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमका लागि ५२ हजार महिला स्वास्थ्य स्वयंसेविका र १० हजार स्वास्थ्यकर्मी खटिने बताउनुभयो।

# लागुऔषधसहित नौ जना पक्राउ

विराटनगर, ९ कात्तिक (रासस)।

प्रहरीले झापा, सुनसरी र उदयपुर जिल्लाको विभिन्न स्थानबाट लागुऔषधसहित नौ जनालाई पक्राउ गरेको छ।

विशेष सूचनाको आधारमा खटिएको संयुक्त प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरिएको हो। कोशी प्रदेश प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक योगेन्द्रसिंह थापाका अनुसार इटहरी उपमहानगरपालिका-१३ ओम शान्ति भवनस्थित प्रदेश १-०२-००५ ह ६४८० नं को सिटी रिक्सालाई जाँच गर्दा उनीहरुलाई पक्राउ गरिएको जानकारी दिनुभयो।

पक्राउ पर्नेमा चालक हरिनगर गाउँपालिका-७ का १८ वर्षीय अब्दुल खान, सवार १८ वर्षीय मोतिम आलम र को ३६ प ६२४३ नं को मोटरसाइकल चालक हरिनगरा गाउँपालिका-७ का १८ वर्षीय सोजिप खानलाई पक्राउ गरिएको हो।

पक्राउ परेकाबाट ट्रामाडोल-छ हजार ९८० क्यापसुल, स्पास्मो-सात हजार क्यापसुल र हाइड्रोब्रोमाइन-दुई बोतल प्रतिबन्धित औषधि बरामत गरिएको छ। प्रहरीले बराह क्षेत्र नगरपालिका-७ का २७ वर्षीय कुशल घिमिरे, ३२ वर्षीय तुलसी खड्का र इटहरी-९ का ३२ वर्षीय मुकेश भुजेललाई तीन ग्राम ३० मिलिग्राम ब्राउन सुगर, प्रहरी चौकी भरौलले बराह क्षेत्र-५ का ४० वर्षीय रामकुमार चौधरीलाई ११० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय बेलटार उदयपुरले त्रियुगा नगरपालिका-१० का २६ वर्षीय मनोज मग्राइतीलाई स्पास्मो-२८८ क्यापसुल र निट्राजेपाम-३०० ट्याब्लेट प्रतिबन्धित औषधिसहित पक्राउ गरेको छ भने झापाको इलाका प्रहरी कार्यालय अनारमनीले ताप्लेजुङ फुङलिङ नगरपालिका-३ का २५ वर्षीय बविस भण्डारीलाई तीन ग्राम एक मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरेको छ।

पक्राउ परेका सबै जनाको थप अनुसन्धान भइ रहेको थापाले जानकारी दिनुभयो।

# प्रधानमन्त्री राहत कोषमा मौज्दात १८ अर्ब नाघ्यो

काठमाडौँ, ९ कात्तिक (रासस)।

रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग जुट्ने क्रम अझै जारी छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार कोषको विभिन्न बैङ्कका खातामा सोमबार बिहान ९:०० बजेसम्म मौज्दात रकम रु १८ अर्ब नौ करोड ३२ लाख ३६ हजार ८५२ पुगेको छ।

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका विभिन्न नौ वटा वाणिज्य बैङ्कमा मैज्दात रु १३ अर्ब ४८ करोड चार लाख २९ हजार ६४ र हिमालयन बैङ्क तथा लक्ष्मी सनराइज बैङ्कमा तीन करोड चार लाख ९१ हजार ४४४ अमेरिकी डलर पुगेको छ।

# देशभर १३ विपद्का घटना, एकको मृत्यु, आठ जना घाइते

काठमाडौँ, ९ कात्तिक (रासस)।

देशभर पछिल्लो २४ घण्टामा विभिन्न प्रकृतिका १३ वटा विपद्का घटना भएका छन्। ती घटनामा परी एक जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन्। विपद्का घटनाबाट करिब रु १३ लाख २० हजार बराबरको आर्थिक क्षति भएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार कात्तिक ७ गते बिहान १० बजेदेखि कात्तिक ८ गतेसम्म देशका विभिन्न जिल्लामा आगलागी, सर्पदंश, पहिरो तथा जनावरको आक्रमणलगायतका विपद्का घटना भएका हुन्।

प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार भोजपुर र मनाङमा सर्पदंशका घटना भएका छन्। त्यस्तै, पाँचथर, रौतहट, बारा, पर्सा, काठमाडौं, गोरखा, नवलपरासी पश्चिम, बाँके र कञ्चनपुरमा आगलागीका घटना भएका छन्। बाँकेमा जनावरको आक्रमणसमेत भएको प्राधिकरणले जनाएको छ।

विभिन्न जिल्लामा भएका यी घटनाबाट मानवीयसँगै भौतिक सम्पत्तिमा क्षति पुगेको छ। विपद्मा परी घाइते भएकामध्ये केहीको सम्बन्धित जिल्लाका अस्पतालमा उपचार भइरहेको छ भने केहीलाई थप उपचारका लागि अन्य जिल्लाका अस्पतालमा लगिएको छ।

प्राधिकरणका अनुसार विपद्बाट भएको क्षतिको विवरण सङ्कलन गर्ने तथा प्रभावित क्षेत्रमा आवश्यक व्यवस्थापन गर्ने कार्य भइरहेको छ। विपद्का घटनाबाट थप क्षति हुन नदिन सम्बन्धित निकायलाई आवश्यक सतर्कता अपनाउनसमेत आग्रह गरिएको छ।

प्राधिकरणले विपद्को जोखिम देखिएमा स्थानीय प्रशासन, सुरक्षा निकाय तथा सम्बन्धित निकायसँग समन्वय गर्न र आधिकारिक सूचनाको पालना गर्न सर्वसाधारणलाई अनुरोध गरेको छ। जोखिम न्यूनीकरणको उपाय अवलम्बन गर्नुका साथै आवश्यक सतर्कता अपनाउनसके सम्भावित जनधनको क्षति कम गर्न सकिने प्राधिकरणको सुझाव छ।

***मधेसमा ...***

बाध्यता भयो। त्यो ऋणको ब्याज जसोतसो तिरेपनि ऋण अहिलेसम्म तिर्न सकेकी छैनन्।

दुर्गा त ऋण लिएर भोज गर्ने प्रतिनिधि पात्र मात्र हुन मधेसका यस्ता सयौँ परिवारले मृत्यु भोज गर्नुपर्ने बाध्यताले अहिले ऋण लिएर भोज गर्ने र वर्षौंसम्म ऋणमा अल्झिने प्रवृत्ति अझै कायम रहेको नेपाल पत्रकार महासङ्घ सप्तरीका अध्यक्ष श्रवणकुमार देवले बताउनुभयो। भोजको नाममा ऋणको भारी बोक्ने काम कसैले गर्नु आवश्यक छैन।


मधेश प्रदेश सरकार
भूमि व्यवस्थाकृषि तथा सहकारी मन्त्रालय,
कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र**
सप्तरी, राजविराज

Email : akcsaptari@gmail.com, dadosaptari@gmail.com
website : www.akcsaptari.p2.gov.np

**प्रस्ताव आवह्वान सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०७/१०**

कृषि ज्ञान केन्द्र सप्तरीको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले जिल्लाका इच्छुक कृषक, कृषक समूह, कृषि सहकारीर कृषि उद्यमीहरुले तोकिएको ढाँचा सहितको प्रस्ताव फारम, आवश्यक कागजातसहित प्रथम पटक प्रकाशित मितिले ३० औं दिन मिति २०८३/०८/०९ भित्र यस ज्ञान केन्द्रमा प्रस्ताव/आवेदन दर्ता गर्नु/गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ। थप जानकारीको लागि कृषि ज्ञान केन्द्रको फेसबुक पेज, वेबसाइट www.akcsaptari.p2.gov.np र यस कृषि ज्ञान केन्द्रमा सम्पर्क गर्न सकिनेछ।

**तपशिल**

| क्र.स. | कार्यक्रमहरुको नाम | लक्षित वर्ग | पेश गर्दा चाहिने कागजातहरु | प्रस्ताव दर्ता गर्न सकिने क्षेत्रहरु |
|---|---|---|---|---|
| १ | हरुवा, चरुवा, दलित लगायत लक्षित वर्गको जिविकोपार्जनका लागि १००% अनुदानमा कृषि विकास कार्यक्रम | हरुवा, चरुवा, दलितलगायत लक्षित वर्गहरु | "कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८३" बमोजिम | "कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८३" बमोजिम |
| २ | च्याउ प्रवर्द्धन कार्यक्रम | कृषक/ समूह/ कृषि उद्यमी/ सहकारी | | |
| ३ | बगर खेतीमा सहयोग कार्यक्रम | कृषक | | |
| ४ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम (सोहिजन, कोदो, फापर, ओल, पान आदिको लागि) | कृषक | | |
| ५ | पुष्प खेती प्रवर्द्धन कार्यक्रम | कृषक | | |

नोट : प्रस्ताव स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा निहित रहने छ। एक वटा कृषक/संस्थाहरुले बढीमा दुई वटा भन्दा बढी प्रस्तावको लागि आवेदन दिन पाउने छैन। एउटै परिवारको सदस्यहरुले एउटै कार्यक्रममा १ भन्दा बढी आवेदन पेश गरेमा सबै प्रस्ताव रद्द गरिनेछ। दुई आर्थिक वर्षमा अनुदान लाभ नलिइका कृषकलाई प्राथमिकता दिईनेछ। प्रस्ताव पेश गर्दा "कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८३" बमोजिम गर्नु पर्नेछ। म्याद नाघी प्राप्त भएका तथा झूटो विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै वेला आवेदन/निवेदन रद्द हुनेछ। किसान सूचिकरणको परिचय पत्र भएको कृषकलाई प्राथमिकता दिईनेछ। विस्तृत जानकारीका लागि यस कृषि ज्ञान केन्द्र, सप्तरी र सूचना अधिकारी श्री चिरञ्जिवि पुरीको मोवाईल नं. ९८५२८२२७६५ मा सम्पर्क गर्न सकिने छ।

रोशन कुमार मेहता
प्रमुख



**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*